# प्रथम वार्षिक प्रतिवेदन

## आ.व. २०७७/०७८

प्रदेश सहकारी ऐन २०७६ बमोजिम स्वीकृती प्राप्त
दर्ता नं ०१११

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि.

**Durdristi Multipurpose Co-operative Ltd.**

फोन नं. ०१-४२६४२९६, ०१-४२६४२९७, ०१-४२६४३६३
www.ddmpcl.com.np

प.सं./च.नं.: ..../७८/७९ मिति २०७८/०९/०१

शेयर सदस्य, (सबै) ......................

......................................................... ।

**बिषय :- प्रथम वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

महोदय,

यस संस्थाको सञ्चालक समितिको निर्णय बमोजिम संस्थाको प्रथम वार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा देहायका विषयहरू उपर छलफल गर्न बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई आ-आफ्नो परिचय पत्र सहित अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा बस्ने मिति, स्थान र समय :**

स्थान : संस्थाको मुख्य कार्यालय, काठमाडौ महानगरपालिका वडा नं. २०
मिति : २०७८ पौष २४ गते शनिबार
समय : बिहान १२:०० बजेदेखि

**सभामा छलफल हुने विषयहरू :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने वार्षिक प्रतिवेदन तथा आर्थिक वर्ष २०७८/०७९ को अनुमानित वार्षिक कार्यक्रम तथा बजेट पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण पारित गर्ने ।
३. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल तथा पारित सम्बन्धमा ।
४. आर्थिक वर्ष २०७७/०७८ मा संचालक समितिबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने ।
५. आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम एवं अनुमानित बजेट सम्बन्धमा ।
६. आर्थिक वर्ष २०७८/०७९ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।
७. कोषहरुको बाँडफाँड स्वीकृति एवम् कोषको वितरण सम्वन्धमा ।
८. संस्थाको विनियम, २०७७ को संशोधन सम्बन्धमा ।
९. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयर सदस्यहरु मध्येबाट आवश्यक प्रतिनिधि चयन गर्ने ।
१०. विविध
  क) प्रमुख कार्यकारी अधिकृतको तलब भत्ता सुविधा तथा संचालक समिति र अन्य उपसमिति/समितिका सदस्यहरुको भत्ता सुविधा सम्बन्धमा का पदाधिकारीहरुले लिने सेवा सुविधा सम्बन्धमा
  ख) संस्थाको नीति नियमावलीहरु सम्बन्धमा ।

............................
कार्यकारी प्रमुख

# विषयसूची

| क.सं. | विवरण |
|---|---|
| १. | प्रथम बार्षिक साधारण सभा बस्ने सुचना पत्र |
| २. | विषय सुची |
| ३. | साधारण सभा सम्बन्धी साधारण जानकारी |
| ४. | स्वागतम |
| ५. | संचालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन |
| ६. | चालु आ.व. ०७८/७९ को अनुमानित आय व्यय विवरण |
| ७. | लेखा समितिको वार्षिक प्रतिवेदन |
| ८. | आ.व. २०७७/७८ को लेखा परिक्षण प्रतिवेदन |
| ९. | अनुसुचीहरु |
| १०. | धन्यवाद |

# साधारण सभा सम्बन्धी जानकारी

- शेयर सदस्य महानुभावहरुलाई सभाकक्ष भित्र प्रवेश गर्न शेयर प्रमाण-पत्र अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध गरिन्छ । साथै देशमा विद्यमान परिस्थितिको कारणले गर्दा आफ्नो सुविधा तथा सुरक्षार्थ सभामा भाग लिन आउँदा आफ्नो प्रष्ट परिचय खुल्ने कागजात लिई आउनुहुन समेत अनुरोध गर्दछौं । अन्यथाः सभा कक्षमा प्रवेश गर्न पाईने छैन ।

- शेयर सदस्य महानुभावहरुलाई साधारण सभाको लागि तोकिएको मिति र स्थानमा सभा हुने समय भन्दा एक घण्टा अगाडीबाट उपस्थिति दर्ता गराउने कार्य शुरु गराइने छ र साधारण सभा शुरु हुने समय सम्ममा शेयर सदस्य महानुभावहरु सभामा उपस्थित भई उपस्थिति दर्ता गराउने कार्य गराई सक्नु पर्ने छ ।

- शेयर प्रमाण-पत्र प्राप्त गरी नसकेका सदस्य महानुभावहरुलाई साधारण सभामा हुने दिन भन्दा अघिल्लो दिन सम्ममा शेयर प्रमाण-पत्र लिन हुन अनुरोध गर्दछौं । सभा हुने दिनमा शेयर प्रमाण-पत्र वितरण गरिने छैन ।

- प्रदेश सहकारी ऐनद्धारा स्थापित यस संस्थाको वार्षिक साधारण सभामा सो ऐन बमोजिम सदस्यको प्रतिनिधि पठाउन पाइने छैन । सदस्य स्वयं नै उपस्थित हुनु पर्ने छ ।

- संलग्न बिषय सूची बाहेक विविध शिर्षक अन्तर्गतको विषयहरुमा छलफल गर्न इच्छुक शेयर सदस्य महानुभावहरुले आफुले छलफल गर्न चाहानु भएको विषय बारे प्रष्ट रुपमा उल्लेख गरि साधारण सभा हुनु भन्दा ७ दिन अगावै संस्थाको अध्यक्षलाई सम्वोधन गरी लिखित रुपमा यस संस्थामा प्रस्ताव दर्ता गरी जानकारी दिनु पर्ने छ ।

- सभामा आफ्नो मन्तव्य वा प्रश्नहरु तथा सुझावहरु व्यक्त गर्न चाहने शेयर सदस्य महानुभावहरुले पालैपालो तोकिएको समय भित्र आफ्ना मन्तव्य व्यक्त गरिदिनु हुन अनुरोध गरिन्छ ।

- शेयर सदस्य महानुभावहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा संस्थाको तर्फबाट अध्यक्ष वा अध्यक्षले अह्राएको व्यक्तिले वा सामूहिक रुपले जवाफ दिईने छ ।

- साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क राख्नु हुन समेत अनुरोध गर्दछौं ।

दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि.

Durdristi Multipurpose Co-operative Ltd.

परोपकार मार्ग, भिमसेनस्थान, काठमाण्डौं, नेपाल

# प्रथम वार्षिक प्रतिवेदन

(२०७८ पौष २४ गते शनिबार)

## स्वागतम

आदरणीय शेयर सदस्य महानुभावहरु तथा आमन्त्रित अतिथिज्यूहरु, संस्थाको संचालक समितिको मिति २०७८/०८/२० गते बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनुसार आज सञ्चालन हुन गईरहेको संस्थाको यो गौरवमय प्रथम वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पुर्ण शेयर सदस्य महानुभावहरु, कर्मचारी वर्ग एवं आमन्त्रित अतिथि महानुभावहरुमा संचालक समितिको तर्फबाट र यस संस्थाको कार्यकारी सचिवको हैसियतले म हार्दिक स्वागत तथा न्यानो अभिवादन टक्र्याउन चाहान्छु। आफ्नो अमूल्य समय निकालेर आजको सभा, यस दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि.मा पाल्नु भएकोमा म धेरै हर्षित छु। आजको हाम्रो यो सभा सफल पार्न पूर्ण साथ दिनुहुन्छ भन्ने आशा राख्दछु।

धन्यबाद !

(सचिव)

दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि.
Durdristi Multipurpose Co-operative Ltd.

# संचालक समितिको तर्फबाट पेश गरिएको आ.व. २०७७/७८ को बार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी सदस्य महानुभावहरु एवं उपस्थित सम्पुर्ण अतिथिज्युहरु,

सर्वप्रथम यस संस्थाको प्रथम वार्षिक साधारण सभामा संचालक समिति एवं मेरो व्यक्तिगत तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछौ ।

देशको आर्थिक वृद्धि हासिल गर्न उपलब्ध स्रोत र साधनको अधिकतम पहिचान गरी आर्थिक तथा सामाजिक रुपमा राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशिल बनाउन सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा राष्ट्रले जोड दिइएको छ । यस प्रकार राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन सहकारीको भुमिकालाई राष्ट्रले समेत अंगिकार गरेको आजको यस अवस्थामा राज्यको उद्धेश्यलाई पुरा गर्न शेयर सदस्यहरुको आर्थिक तथा सामाजिक जीवनस्तर माथि उठाउन यस संस्थाले निरन्तर प्रयास गर्नेछ । संस्थामा आवद्ध सदस्यहरुबाट सानो सानो बचत रकम संकलन गरी ति संकलित बचत रकमलाई सदस्यहरु माझनै लगानी गरी सदस्यहरुको जीवनस्तर वृद्धि गर्न निरन्तर प्रयास गर्नेछौ । यस संस्थाका सदस्यहरुलाई आर्थिक रुपमा सहभागि गराई आर्थिक रुपमै सवल बनाउन सदस्यहरुको व्यवसायमा आवश्यक नियमानुसार सहकारीको आफ्नो क्षमता परिधिमा रहि सहयोग पु-याउनेछौं ।

गत आर्थिक वर्षझै यस वर्ष पनि विश्वव्यापि रुपमा फैलिएको कोरोना भाईरस (Covid-19) को लहरले विश्वका ठुल-ठुला र प्राय सबै देशहरुमा स्वास्थ्य संकटनै निम्त्याएको अवस्थामा हाल सम्म हाम्रो देश पनि उम्कीन सफल भएको छैन, यसले निम्त्याएको लकडाउन, निशेधाज्ञा तथा विभिन्न स्वास्थ्य सम्बन्धि व्यवस्थाले प्रत्यक्ष/अप्रत्यक्ष तथा प्रतिकुल असर यस संस्थालाई पनि पर्न गएको यहाँहरुलाई विदितै छ, यस सहकारी संस्थालाई सदैव सबल र सक्षम बनाइराख्न यहाँहरु सबैको आ-आफ्नो क्षेत्रबाट निरन्तर सहयोग र साथको सदैव संचालक समितिले अपेक्षा गरीरहनेछौं । यसका साथै आर्थिक वर्ष २०७७/७८ को संस्थाको वासलात, नाफा/नोक्सान, हिसाब, नगद प्रवाह विवरण एवं तत् सम्बन्धि अनुसुचिहरु संस्थाको अन्य आर्थिक विवरणहरु लेखा समिति तथा लेखा परिक्षकले पेश गरेका प्रतिवेदनहरु आदि समेत यसै वार्षिक प्रतिवेदन पुस्तिका संगै संलग्न गरि यहांहरुको अध्ययनका लागि पेश गरेका छौ" । सोहि आधारमा यस सभामा सो बारे छलफल हुदां यहांहरुबाट अमूल्य सुझाव र सहयोग पाउने नै छौ" भन्ने कुरामा हामीले आशा एवं विश्वास राखेका छौ" ।

दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि.
Durdristi Multipurpose Co-operative Ltd.

## आ.व. २०७७/७८ मा भएको विभिन्न आर्थिक कारोवारहरु एवं प्रगति बारे संक्षिप्त जानकारी

१) शेयर पुँजी :

आ.व. २०७७/७८ मा संस्थाको शेयर पूँजी रु. १० लाख रहेको छ ।

२) बचत (निक्षेप) :

नरहेको

३) कर्जा :

नरहेको

४) लगानी :

नरहेको

४) वार्षिक खर्च :

गत आ.व. २०७७/७८ मा प्रशासनिक खर्चमा रु. ३० हजार ५ सय रहेको छ ।

५) वार्षिक आम्दानी :

गत आ.व. २०७७/७८ मा अन्य आम्दानी रु. ७ हजार ९ सय रहेको छ ।

६) नाफा/नोक्सानको स्थिति :

आ.व. २०७७/७८ मा कुल आम्दानी रु. रु. ७ हजार ९ सय र कुल खर्च रु. ३० हजार ५ सय भई उक्त आ.व.मा खुद नोक्सान रु २२ हजार ६ सय रहेको छ ।

७) नाफा/नोक्सानको बाँडफाँड :

नरहेको

# संस्थाको भावी कार्यक्रम तथा लक्ष्य एवं बजेट

**१) शेयर पुँजी :**
आ.व. ०७८/७९ को अन्त सम्ममा कुल चुक्ता शेयर पूँजी रु. ५ करोड पुऱ्याउने प्रयास हुने छ।

**२) बचत (निक्षेप) संकलन :**
विभिन्न प्रकारका बचत संकलन एवं भुक्तानी गरी आ.व. ०७८/७९ को अन्त्य सम्ममा संस्थाको कुल बाँकी बचत (निक्षेप) रु. ४५ करोड पुऱ्याउने प्रयास हुने छ।

**३) कर्जा लगानी :**
शेयर, बचत, साँवा/ब्याज असुलीको रकम तथा अन्य आम्दानी आदिबाट आएको रकम समेत बाट आ.व. ०७८/७९ मा विभिन्न उद्देश्यमा कर्जा लगानी तथा असुली गरी सोहि आ.व.को अन्त्य सम्ममा लगानीमा बाँकी कर्जा रु ४० करोड हुने अनुमान गरिएको छ।

**४) अन्य लगानी :**
बैंक, अन्य संगठित वित्तिय संस्थाको मुद्दति तथा बचत खातामा एवं सहकारी सहयोग आदान प्रदान समेतमा संस्थाको तरलतालाई ध्यानमा राखि उचित्त रकम लगानी गरिने छ।

संस्थाको संचालक समितिको तर्फबाट प्रस्ताव गरिएका नीति, कार्यक्रम तथा बजेट अनुसार कार्यक्रमहरुको कार्यान्वयनको लागि सम्पूर्ण शेयर सदस्यहरुबाट सहयोगको अपेक्षा गर्दै सहकारी क्षेत्रको विकास र सम्बर्द्धनमा प्रत्यक्ष योगदान पुऱ्याउने संघ, संस्था तथा निकायहरु प्रति आभार व्यक्त गर्दै आजको यस प्रथम वार्षिक साधारण सभामा उपस्थित भई सभा सफल पार्न सहयोग पुऱ्याउनु हुने सम्पूण शेयर सदस्य महानुभावहरु, कर्मचारी वर्ग तथा संचालक समितिलाई स-धन्यवाद ज्ञापन गर्दछु।

## प्रथम वार्षिक साधारण सभा समक्ष लेखा सुपरीवेक्षण समितिको तर्फबाट
आ.व. ७७/७८ को प्रतिवेदन

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

यस दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि. को प्रथम वार्षिक साधारण सभामा उपस्थित अतिथिहरु, सञ्चालक समितिका पदाधिकारीहरु र यस संस्थाको सदस्यता लिई विभिन्न क्षेत्रमा छरिएर रहनु भएका सदस्य महानुभावहरु संस्थाको निमन्त्रणालाई स्विकार गरि उपस्थित हुनु भएका सबैमा शुभकामना व्यक्त गर्न चाहन्छौं ।

आ.व. ०७७/०७८ अवधिमा यस सहकारी संस्थाको केही कारोबार नभएकोले सहकारी नियमावली, २०७५ बमोजिम यस संस्थाको आ.व.२०७७/७८ लेखा समितिको वार्षिक प्रतिवेदन निम्न प्रकार रहेको जानकारी गराउन चाहन्छौं ।

**१. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :**
अघिल्लो वर्ष साधारण सभा गर्न आवश्यक नभएको ।

**२. आ.व. ७७/७८ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था:**
आ.व. ७७/७८ मा संचालक समितिको केही बैठक तथा निर्णयहरु भएको

**३. ऋण लागानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**
आ.व. ७७/७८ मा यस सहकारी संस्थाबाट कुनै ऋण लगानी नभएको ।

**४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :**
सहकारी विभागबाट जारी गरिएका सम्पूर्ण मापदण्डहरु यथोचित रुपमा पालना गरिदै आएको छ ।

**५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्ध विवरणहरु :**
कार्यालय संचालनको पहिलो वर्ष भएको कारण हालसम्म सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघबाट अनुगमन हुन बांकी रहेको छ ।

**६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :**

**६.१ पारिश्रमिक :**
आ.व. ७७/७८ मा कुनै पारीश्रमिक भुक्तानी नभएको ।

**६.२ भत्ता :**
आ.व. ७७/७८ मा कुनै भत्ता भुक्तानी नभएको ।

**६.३ अन्य सुविधाहरु :**
आ.व. ७७/७८ मा कुनै अन्य सुबिधाहरु भुक्तानी नभएको ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :**

**७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको :**
कर्मचारी प्रशासन सम्बन्धी नियमावली बनाउने प्रकृयामा रहेको ।

**७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको :**
प्रयोगमा ल्याउन प्रकृयामा रहेको ।

**७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको :**
भएको

**७.४ कार्यरत कर्मचारीहरु र कार्यवोझ बीच तादम्यता रहेको/नरहेको :**
आ.व. ७७/७८ मा कार्यरत कर्मचारी नरहेको

**७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण :**
व्यवस्थापन प्रमुखको
१) योग्यता : स्नातकोत्तर तह
२) क्षमता : बैंकिङ्ग क्षेत्रमा २७ बर्षको अनुभवका रहेको

**७.६ कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या :**

**७.६.१ करार :**
आ.व. ७७/७८ मा कार्यरत कर्मचारी नरहेको

**७.६.२ अस्थायी :**
आ.व. ७७/७८ मा कार्यरत कर्मचारी नरहेको

**७.६.३ स्थायी :**
आ.व. ७७/७८ मा कार्यरत कर्मचारी नरहेको

**८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था:**
हालसम्म लेखा समितिको प्रतिवेदन बनाउन आवश्यक नभएको

**९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :**
यस आ.व. ७७/७८ मा केही नभएको ।

**१०. लेखा समितिको सुझाव :**

**१०.१** अन्त्यमा आ.व. २०७७/७८ सम्म संस्थाको कारोबार केही नभएको तथा यस संस्थाको आन्तरिक लेखा परीक्षण कार्यमा सहयोग पुऱ्याउनु हुने संस्थाका सञ्चालक समिति, व्यवस्थापन र कर्मचारीहरु समेतलाई धन्यवाद दिदै आगामी दिनहरुमा आफ्ना शेयर सदस्यहरुलाई बढी भन्दा बढी सेवा सुविधा प्रदान गर्न तथा शेयर सदस्यहरुलाई लाभांश बितरण गर्न सकुन भनि अमूल्य सुझावका लागि यस समिति हार्दिक अनुरोध गर्दछ ।

| लेखा समिति संयोजक | लेखा समिति सदस्य | लेखा समिति सदस्य |
|---|---|---|
| दिनेश श्रेष्ठ | विदुर बज्राचार्य | हेरा रत्न महर्जन |

# धन्यवाद

यस दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्थाको प्रथम वार्षिक साधारण सभामा उपस्थित हुन आउनु भएका आदरणिय संचालक समितिका साथीहरु, लेखा समितिका साथीहरु, कर्जा उप समितिका साथीहरु, उपस्थित शेयर सदस्य महानुभावहरु र यस संस्थामा कार्यरत कर्मचारीहरु, यस सभालाई यो जानकारी गराउन चाहन्छु कि आ.व. २०७७/७८ मा हाम्रो संस्थाले आर्थिक कारोवार नगरेको भएता पनि आ.व. २०७८/७९ को निम्ति संस्थाले लिएको लक्ष्य प्राप्तिको लागि यहांहरुको निरन्तर सहयोग र साथको आवश्यकता रहनेछ । तसर्थ संस्थाको प्रगतिका लागि सम्पुर्ण शेयर सदस्यहरु, कार्यकारी प्रमुखज्यु तथा कर्मचारीहरुबाट निरन्तर सहयोग हुने कुरामा पूर्ण आशाबादी छौं ।

यस्तै हाम्रो निमन्त्रणा ग्रहण गरी पाल्नु भएका शुभ चिन्तकहरुलाई सभामा उपस्थित भई सभाको शोभा बढाई दिनु भएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद

**Rajeshwor & Co.**
*(Registered Auditors)*

Firm Registration No. 2753
COP License No. B 3067, 063/07/23
ICAN Membership No.3166
PAN 301443603
Contact Telephone No.5-546739 (R)
Mobile 9841354577
Mail: rajeshwornco@gmail.com

# स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

## दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका शेयरधनीहरु समक्ष वित्तीय विवरणको लेखापरीक्षकको प्रतिवेदन ।

हामीले यस सहकारी संस्था लि.को यसै साथ संलग्न २०७८ आषाढ मसान्तको वासलात (वित्तीय स्थिति विवरण), सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय हिसाव विवरण, नगद प्रवाह विवरण, प्रमुख लेखा नीति तथा टिप्पणीको लेखापरीक्षण गरेका छौं ।

**वित्तिय विवरण उपर राय:**
हाम्रो राय तथा पाए सम्मको जानकारी, स्पष्टिकरण तथा संस्थाको लेखापरीक्षणको आधारमा संस्था, निक्षेपकर्ता सदस्यहरुको हित तथा सुरक्षार्थ कार्य भएको पाईयो । यस अवधिमा संस्थाको व्यवसायिक कारोवार शुरु भएको छैन । संस्थाको संचालक समिति तथा कुनै संचालक वा कर्मचारीले कानूनी व्यवस्थाहरु विपरीत वा संस्थालाई हानी नोक्सानी गरेको वा संस्थाको कोष हिनामिना गरेको पाएनौं । साथै यस्ता कुरावारे व्यवस्थापनवाट समेत कुनै जानकारी हुन आएन । हाम्रो रायमा वित्तीय विवरणहरुले संलग्न अनुसुचीह्रुका साथ अध्ययन गर्दा २०७८ आषाढ मसान्तको संस्थाको आर्थिक अवस्था तथा उक्त मितिको नोक्सानीको समुचित चित्रण गर्दछ ।

**रायको आधार:**
हामीले नेपाल लेखापरीक्षणमानको आधारमा प्रस्तुत वित्तिय विवरणहरुको लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं । ती मानहरु अनुरुप हामीले वित्तीय विवरणहरु गहन रुपले गलत प्रदर्शन हुनवाट वञ्चित छन भन्ने कुरामा विश्वस्त हुन लेखापरीक्षण योजना तर्जुमा गरी तद्अनुरुप कार्य सम्पादन गर्नु पर्दछ । लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम एवम अन्य विवरणहरुको छड्के एवम् पर्याप्त नमुना संकलन गरि आवश्यक परीक्षण गरीन्छ । व्यवस्थापनले अवलम्वन गरेको लेखा सिद्धान्त तथा अन्य महत्वपुर्ण अनुमानहरु एवम् वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्यांकन पनि लेखापरीक्षण अन्तर्गत पर्दछन् । हामीले व्यक्त गर्ने राय, सुझावको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाले जारी गरेको आचार संहिता तथा लेखापरिक्षणमानको अधिनमा रही हामीले अवलम्वन गरेको नमुना छनौट बमोजिम गरेको लेखापरीक्षणले पर्याप्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं ।

**व्यवस्थापनको जिम्मेवारी**
ती वित्तीय विवरणहरु तयार गर्ने तथा नेपाल लेखामान बमोजिम प्रस्तुतीकरण गर्ने तथा सो वित्तिय विवरण प्रतिको उत्तरदायित्व संस्थाको व्यवस्थापनमा रहेको छ । ती वित्तिय विवरणहरु गलत अभिप्रायवाट मुक्त छन भन्ने बारे व्यवस्थापन विश्वस्त हुने छन ।
ती वित्तिय विवरणहरु तयार गर्ने क्रममा संस्थाको निरन्तरता बारे उचित मुल्यांङ्कन गर्न व्यवस्थापन सक्षम छ भन्ने मान्यता रहेको छ । वित्तिय विवरणको प्रस्तुतिकरणमा संस्थाको निरन्तरताको सम्वन्धमा भएको अस्पष्टताको कारण हुन सक्ने असरको लागि व्यवस्थापन जिम्मेवारी हुनेछ ।

RAJESHWOR & CO. SUNDHARA NUGAH REGISTERED AUDITORS

**Rajeshwor & Co.**
*(Registered Auditors)*

Firm Registration No. 2753
COP License No. **B 3067, 063/07/23**
ICAN Membership No.3166
PAN 301443603
Contact Telephone No.5-546739 (R)
Mobile 9841354577
Mail: rajeshwornco@gmail.com

**वित्तिय विवरण उपर लेखापरिक्षकको जिम्मेवारी:**

हाम्रो उत्तरदायित्व वित्तीय विवरणहरु समग्र रुपमा सारबान रुपमा त्रुटी नभएको आश्वास्तता प्राप्त गर्ने हो छल कपट अथवा भुलहरु भएमा लेखापरीक्षण प्रतिबेदनको रायमा समाबेश हुन्छ। मनासिब माफिकको आश्वस्तता भनेको उच्च तहको आश्वस्तता हो । नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा प्रत्याभुती गर्दैन । मौजुदा सारवान गलत विवरणहरु भएमा खोजतलास गर्दछ । गलत विवरणहरु जालसाजी, त्रुटीहरुको कारणबाट हुन जान्छ। यदि ती सारवान ठहरिन्छ भने वित्तीय विवरणको आधारमा लिने आर्थिक निर्णयहरु आपेक्षित रुपमा एकल वा समुह प्रभाबित हुन्छ।

कानूनी तथा अन्य नियमको प्राबधान

सहकारी ऐन बमोजिम देहायका ब्यहोरा प्रमाणित गर्दछौ ।

क. हामीले लेखापरीक्षण सम्पन्न गर्न आबश्यक सूचनाहरु र स्पष्टिकरण प्राप्त गरयौ ।

ख. सहकारी ऐन बमोजिम संस्थाले आफनो कारोबारको यथार्थ स्थिती स्पष्ट हुने गरी कम्प्युटर प्रणालीमा लेखा राखेको छ ।

ग. यसै प्रतिबेदनमा उल्लेख भएको सलंग्न बितीय स्थिती विवरण, नाफा नोक्सान विवरण र नगद प्रबाह विवरणले सारवान रुपमा प्रचलित कानून बमोजिम निर्दीष्ट गरेको लेखामान अनुरुप तयार भएको छ। त्यस्ता विवरणहरु सारवान रुपमा संस्थाले राखेको लेखा सगं दुरुस्त रहेको छ।

घ. लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराईएका स्पष्टीकरण ,ब्याख्या र सूचनाहरुको आधारमा संचालक समिति वा प्रतिनिधी वा कुनै कर्मचारीले कानून बिरुद्ध लेखासंग सम्बन्धित कुनै काम काज गरेको तथा संस्थाको सम्पति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरेको ब्यहोरा हाम्रो जानकारीमा आएन ।

राजेश्वरे श्रेष्ठ
रजिष्टर्ड अडिटर
नि.राजेश्वर एण्ड कं.
मिति २०७८।०८।०६
स्थान: काठमाण्डौं

UDIN:211205RA0316650CTU

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
## आर्थिक वर्ष २०७७।७८
## प्रमुख लेखा नीति तथा टिप्पणीहरु

१ **सामान्य जानकारी:**

यस **दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड** प्यान नम्बर ६१६३४१३०२ नेपालको सहकारी ऐन बमोजिम दर्ता भई मिति २०७८।४।२८ मा स्थायी लेखा नम्वर प्राप्त गरेको छ । २०७८ आषाढ मसान्तसम्म यस संस्था दर्ता मात्र भएको तर व्यवसायिक रुपमा संचालनमा आएको छैन । यसको रजिष्टर्ड कार्यालय काठमाण्डौं महानगरपालिका वडा नं. २०, भिमसेनस्थानमा रहेको छ । संस्थाको विनियम तथा सहकारी विभागवाट जारी भएको मापदण्ड निर्देशन अनुसार विविध उद्देश्य सहितको कार्य लगायत शेयर सदस्यहरुवाट संकलन गरेको शेयर तथा निक्षेप रकमलाई व्यवस्थित तथा सुरक्षित लगानी शेयर सदस्य विच गरी सदस्यहरुको बचत बृद्धि गरी आर्थिक अवस्था सुधार्न योगदान गर्नु संस्थाको उद्देश्य रहेको छ ।

२ **वित्तीय विवरण:**

वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकामा वाहेक ऐतिहासिक लागत अवधारणा, सामान्य रुपमा स्वीकार्य प्रचलन रहेका लेखा पद्दति, सहकारी ऐन तथा नीति निर्देशन, मापदण्ड तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थावाट जारी लेखामान सिद्धान्त बमोजिम तयार पारिएका छन् ।

३ **संस्थाको शेयर पूंजी**

संस्थाको शेयर पुंजी रु १०००००० रहेको छ ।

४ कोष तथा व्यवस्थाहरु:

संस्थामा गत वर्ष सम्मको आयकर व्यवस्था पछिको संचित मुनाफा र यस वर्षको मुनाफावाट आयकर वापतको रकम छुट्याई सके पछि रहेको कुल रकमलाई सहकारी ऐन २०७४ र नियमावली २०७५ ले व्यवस्था गरे अनुसार ऐनको दफा ६८ बमोजिम वांकी नाफाको २५ प्रतिशत साधारण जगेडा कोष, सो पछि बांकी रकमको २५ प्रतिशत ऐनको दफा ६९ बमोजिम संरक्षित पुंजी फिर्ता कोष, दफा ७० बमोजिम ०.५० प्रतिशत सहकारी प्रवर्द्धन कोषमा रकम छुट्याइ सके पछि बांकी नाफा रकम ऐनको दफा ७१ बमोजिम शेयर लाभांश कोष लगायतका कोषमा रकम विनियोजन गर्ने नीति अंगिकार गरेको छ ।

५ **निक्षेप हिसाव तथा वाह्य कर्जा उपभोग:**

निक्षेप हिसाव: यस अवधिमा संस्थाले कुनै निक्षेप संकलन गरेको छैन । तथा कर्जाहरु लिएको छैन ।

६ **स्थिर सम्पत्ति तथा ह्रास कट्टि:**

संस्था स्थाप्नाको शुरुमा रहेकोले यस अवधिमा कुनै स्थिर सम्पत्ति खरीद गरेको छैन । स्थिर सम्पतिको लेखांङ्कन ऐतिहासिक लागत मुल्य र सोको खरीद तथा जडान लागत समेत समावेश गरी पुंजीकरण गर्ने नीति अंगिकार गरीएको छ ।

स्थिर सम्पत्तिहरुको ह्रास कट्टि आयकर ऐन २०५८ को अनुसूची २ ले निर्दिष्ट गरेको दर तथा तरिकाले घट्दो दरमा हिसाव गरी खर्च कट्टि दावी गर्ने तथा थप भएका सम्पत्तिमा पौष महिना भित्र, चैत्र महिना भित्र र आषाढ महिना भित्र थप भएकोमा नियमित ह्रास रकमको क्रमश: पुरै, दुई तिहाई र एक तिहाई मात्र खर्च हिसाव गर्ने नीति रहेको छ ।

DURDRISTI Multipurpose Co-operative Ltd.

| सदस्य | सदस्य | सदस्य | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक |
|---|---|---|---|---|---|---|---|

REGISTERED AUDITORS

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
## आर्थिक वर्ष २०७७।७८
## प्रमुख लेखा नीति तथा टिप्पणीहरु

४ **लगानी:**

संस्थाले सदस्यहरुमा कर्जा लगानीको साथै वहुउद्देश्यिय कारोवार गर्ने संस्थाको अधिकार उपयोग गरी विभिन्न क्षेत्रमा लगानी गर्ने नीति लिएको छ ।

५ **व्याज खर्च तथा व्याज आम्दानीको लेखांङ्कन:**

सहकारी ऐन नियम, मापदण्डको अधिनमा तथा संस्थाको नीति अनुसार व्याज खर्च र आम्दानीको लेखांकन गर्ने नीति रहेको छ ।

निक्षेप दायित्वमा दिईने व्याज खर्च सदस्यसंगको सम्झौता अनुसार र आर्थिक वर्षको हरेक त्रैमासको अन्तमा प्रोदभावी आधारमा (Accrual Basis) खर्च लेख्ने छ ।

६ **सम्भावित कर्जा नोक्सानी व्यवस्था:**

सम्भावित कर्जा नोक्सानीका लागि सहकारी विभागद्धारा निष्दिट गरे बमोजिम सम्भावित नोक्सानीको व्यवस्थाको नियम पालना गरिने छ ।

७ **आयकर व्यवस्था:**

आयकर ऐन २०५८ ले व्यवस्था गरे बमोजिम स्वयंम कर निर्धारण गरी कायम भएको आयमा आयकर ऐन तथा सम्वन्धित संशोधन बमोजिम निर्धारित करयोग्य आयको आर्थिक ऐनले तोकेको दरमा आयकर हिसाव गरी आयकरको व्यवस्था गर्ने नीति अंगिकार गरीएको छ । यस आर्थिक वर्षान्तमा वासलात तथा स्वयमकर निर्धारण विवरण अनुसार बचत देखिएकोले सोहि अनुरुप आयकर व्यवस्था गरीएको छ । भविष्यमा हुन सक्ने थप कर दायित्व त्यसरी कर दायित्व थप भएको अवस्थामा आवश्यक व्यवस्था गर्ने नीति लिएको छ ।

८ **कर्मचारी अवकाश सम्वन्धित सम्भावित खर्चको लागि व्यवस्था:**

कर्मचारी उपदान तथा संञ्चित विदा वापतको दायित्व रकमलाई भुक्तानीको आधारमा खर्च लेख्ने नीति अंङ्गिकार गरेको छ ।

९ आर्जन गरेको नाफावाट विनियोजन गर्नु पर्ने जगेडा कोष र अन्य कोषमा रकम नियमानुसार वांडफांट गर्ने नीति लिएको छ ।

१० **मौज्दात:**

संस्थाले मौज्दातजन्य बस्तुको मुल्यांकन फिफो आधारमा गरीने छ ।

११ कर्मचारी वोनस वापतको रकम संस्थाको विनियम तथा सहकारी नियम अनुसार आयकर व्यवस्था पछिको नाफा रकमवाट छुट्याउने व्यवस्था बमोजिम कोष व्यवस्था गरेको छ ।

१२ **अन्य नीतिहरु:**

विभागले तोके अनुसार संस्थाले राख्नु पर्ने चार खाताहरु सफ्टवयरमा नै व्यवस्था गरी राखेको छ ।

संस्थामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको कर योग्य आयमा आयकर ऐन अनुसार कर कट्टि गरेको छ ।

DURDRISTI Multipurpose Co-operative Ltd.

RAJESHWOR & CO. SUNDHARA MUGAH REGISTERED AUDITORS

सदस्य | सदस्य | सदस्य | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व.२०७७/७८

वासलात

२०७८ आषाढ मसान्तको

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | <u>कोषको श्रोत</u> | | |
| | शेयर पुंजी | १ | १,०००,०००।०० |
| | कोष तथा व्यवस्थाहरू | २ | ( |
| | निक्षेप हिसाव | ३ | ( |
| | कर्जा लिएको हिसाव | ४ | ( |
| | कर तथा खर्च व्यवस्था | ५ | ( |
| | अन्य दायित्व | ६ | १५,०००।०० |
| | नाफा नोक्सान हिसाव | ७ | ( |
| | जम्मा | | १,०१५,०००।०० |
| | <u>श्रोतको उपयोग</u> | | |
| | नगद मौज्दात | | ६३२,४००।०० |
| | बैंक मौज्दात | ८ | ( |
| | शेयर लगानी हिसाव | ९ | ( |
| | कर्जा लगानी (सदस्यहरूलाई) | १० | ( |
| | पाउनु पर्ने हिसाव | ११ | ३६०,०००।०० |
| | सामानको मौज्दात | १२ | ( |
| | स्थायी सम्पति | १३ | ( |
| | धरौटी | १४ | ( |
| ( | संचित नोक्सानी हिसाव | | २२,६००।०० |
| | | | १,०१५,०००।०० |

रीना नकर्मी
सदस्य

विकास शाक्य
सदस्य

सुशील राम माथेमा
सदस्य

गोपाल राजभण्डारी
कोषाध्यक्ष

अच्युत रत्न बज्राचार्य
सचिव

विनोद श्रेष्ठ
उपाध्यक्ष

विनोद कुमार मानन्धर
अध्यक्ष

आर.ए. राजेश्वर श्रेष्ठ
लेखापरीक्षक

DURDRISTI Multipurpose Co-operative Ltd.

RAJESHWOR & CO. SUNDHARA NUGAH REGISTERED AUDITORS

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व.२०७७/७८

## आय विवरण

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | आय | | |
| | व्याजवाट प्राप्त आम्दानी | | ( |
| | बैंक व्याज आय | | ( |
| | कुल व्याज आम्दानी | | ( |
| | | | |
| | व्याज खर्च | | ( |
| | व्याज खर्च वाह्य कर्जामा | | ( |
| | कुल व्याज खर्च | | ( |
| | कूल वचत | | ( |
| | अन्य आम्दानी | १५ | ७,९००।०० |
| | अन्य आम्दानी पछिको कूल वचत | | ७,९००।०० |
| | कर्मचारी खर्च | १६ | ( |
| | प्रशासकिय खर्च | १७ | ३०,५००।०० |
| | मर्मत सम्भार खर्च | | ( |
| | खूद वचत ह्रास अघि | | ( |
| | गैर सञ्चालन, गैर नगद र नोक्सानी खर्च | | ( |
| | स्थिर सम्पति को ह्रास ब्यबस्था | १३ | ( |
| | खूद वचत खर्च व्यवस्था अघि | | ( |
| | शंकाश्पद कर्जाको लागि व्यबस्था | | ( |
| | जम्मा खर्च व्यवस्था | | ( |
| | खूद वचत | | ( |
| ( | खूद नोक्सानी | | २२,६००।०० |

रीना नकर्मी
सदस्य

विकास शाक्य
सदस्य

सुशील रत्न माथेमा
सदस्य

गोपाल राजभण्डारी
कोषाध्यक्ष

अच्युत रत्न बज्राचार्य
सचिव

विनोद श्रेष्ठ
उपाध्यक्ष

विनोद कुमार मानन्धर
अध्यक्ष

आर.ए. राजेश्वर श्रेष्ठ
लेखापरीक्षक

DURDRISTI
Multipurpose Co-operative Ltd.

RAJESHWOR & CO. SUNDHARA NUGAH REGISTERED AUDITORS

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व.२०७७।७८

## नाफा बांडफांड हिसाव

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | <u>विनियोजनको लागि उपलव्ध रकम</u> | | ( |
| | गत वर्षको वांकी वचत (नोक्सानी) | | ( |
| | यस वर्षको वचत (नोक्सानी) | | ( |
| | आयकर व्यवस्था | | ( |
| | <u>विनियोजन</u> | | ( |
| | साधारण जगेडा कोष | | ( |
| | संरक्षित पुंजी फिर्ता कोष | | ( |
| | सहकारी प्रबर्द्धन कोष | | ( |
| | शेयेर लाभांश व्यवस्था | | ( |
| | कर्मचारी वोनस | | ( |
| | सहकारी शिक्षा कोष | | ( |
| | अन्य जोखिम व्यवस्थापन कोष | | ( |
| | सामुदायिक विकास कोष | | ( |
| | घाटा परीपुर्ति कोष | | ( |
| | स्थिरिकरण कोष | | ( |
| | सहकारी विकास कोष | | ( |
| | वांकी नाफा । नोक्सानी वासलातमा सारेको | | |

रीना नकर्मी
सदस्य

विकास शाक्य
सदस्य

सुशील रत्न माथेमा
सदस्य

गोपाल राजभण्डारी
कोषाध्यक्ष

अच्युत रत्न बज्राचार्य
सचिव

विनोद श्रेष्ठ
उपाध्यक्ष

विनोद कुमार मानन्धर
अध्यक्ष

आर.ए. राजेश्वर श्रेष्ठ
लेखापरीक्षक

DURDRISTI Multipurpose Co-operative Ltd.

RAJESHWOR & CO. SUNDHARA NUGAH REGISTERED AUDITORS

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व.२०७७/७८

## नगद प्रवाह विवरण

२०७८ आषाढ मसान्तको

| विवरण | नुसु नं. | भित्री नगद प्रवाह | बाह्य नगद प्रवाह |
|---|---|---|---|
| **संचालन नगद प्रवाह** | | | |
| खुद मुनाफा कर अघि | | ( | २२,६०० |
| समायोजन | | | |
| अन्य कोषमा परिवर्तन | | ( | ( |
| भूक्तानी दिनू पर्ने हिसाव | | १५,००० | |
| पाउनु पर्ने हिसावमा परिबर्तन | | | ३६०,००० |
| संचालन मुनाफा चालु पूंजीमा परिवर्तन अघि | | १५,००० | ३८२,६०० |
| चालु पूंजीमा परिवर्तन | | | |
| संचालन प्रकृयावाट नगद प्रवाह | | ( | ( |
| कोषवाट भुक्तानी | | | ( |
| आयकर भुक्तानी | | | ( |
| संचालन प्रकृयावाट खुद नगद प्रवाह (१+२) | | १५,००० | ३८२,६०० |
| लगानीवाट नगद प्रवाह | | | |
| लगानी प्रकृयावाट खुद नगद प्रवाह | | ( | ( |
| वित्तीय प्रकृयावाट नगद प्रवाह | | | |
| शेयर लगांनी वापत नगद प्रवाह | | १,०००,००० | |
| वित्तीय प्रकृयावाट खुद नगद प्रवाह | | १,०००,००० | ( |
| कुल नगद प्रवाह | | १,०१५,००० | ३८२,६०० |
| खुद नगद प्रवाह | | ६३२,४०० | |
| शुरू नगद मौज्दात | | ( | |
| अन्तिम नगद मौज्दात | | | ६३२,४०० |
| | | ६३२,४०० | ६३२,४०० |

| | | | |
|---|---|---|---|
| रीना नकर्मी | विकास शाक्य | सुशील राम माथेमा | गोपाल राजभण्डारी |
| सदस्य | सदस्य | सदस्य | कोषाध्यक्ष |
| अच्युत रत्न बज्राचार्य | विनोद श्रेष्ठ | विनोद कुमार मानन्धर | आर.ए. राजेश्वर श्रेष्ठ |
| सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक |

DURDRISTI Multipurpose Co-operative Ltd.

RAJESHWOR & CO. SUNDHARA NUGAH REGISTERED AUDITOR

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व.२०७७/७८

इक्विटीमा परिवर्तनको विवरण

| विवरण | शेयर | संचित नाफा घाटा | साधारण जगेडा | अन्य कोष | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| शुरू रकम | ( | ( | ( | ( | ( | |
| यस वर्ष भएको परिवर्तन<br>यस वर्ष थप | १,०००,००० | (२२,६०० | ( | ( | ९७७,४०० | |
| जम्मा | १,०००,००० | (२२,६०० | ( | ( | ९७७,४०० | ( |

सदस्य    सदस्य    सदस्य    कोषाध्यक्ष    सचिब    उपाध्यक्ष    अध्यक्ष

DURDRISTI Multipurpose Co-operative Ltd.

RAJESHWOR & CO. SUNDHARA REGISTERED AUDITORS

आर.ए. राजेश्वर श्रेष्ठ

लेखापरीक्षक

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व.२०७७/७८

## शेयेर पुंजी हिसाव

अनुसुची नं. १

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | शुरूको शेयर रकम | | ( |
| | यस वर्ष घटी भएका | | ( |
| | यस वर्ष थप भएको शेयर | | १,०००,०००।०० |
| | जम्मा | | १,०००,०००।०० |

## कोष तथा व्यवस्थाहरू

अनुसुची नं. २

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | साधारण जगेडा कोष | | ( |
| | सदस्यता शुल्क कोष | | ( |
| | जम्मा | | ( |

## निक्षेप हिसाव

अनुसुची नं. ३

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | | | ( |

## कर्जा लिएको हिसाव

अनुसुची नं. ४

| गत वर्ष | विवरण | अनुसुची | यस वर्ष |
|---|---|---|---|
| | | | ( |

## कर तथा खर्च व्यवस्था

अनुसुची नं. ५

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | आयकर व्यवस्था | | ( |
| | | | ( |

DURDRISTI Multipurpose Co-operative Ltd.

| | | | |
|---|---|---|---|
| रीना नकर्मी | विकास शाक्य | सुशील राम माथेमा | गोपाल राजभण्डारी |
| सदस्य | सदस्य | सदस्य | कोषाध्यक्ष |
| अच्युत रत्न बज्राचार्य | विनोद श्रेष्ठ | विनोद कुमार मानन्धर | आर.ए. राजेश्वर श्रेष्ठ |
| सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक |

RAJESHWOR & CO. REGISTERED AUDITOR

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व.२०७७।७८

## अन्य दायित्व

अनुसुची नं. ६

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | लेखा परीक्षण शुल्क | | १४,७७५।०० |
| | ले.प.शुल्क कर | | २२५।०० |
| | | | १५,०००।०० |

## नाफा नोकसानी हिसाव

अनुसुची नं. ७

| गत वर्ष | विवरण | अनुसुची | यस वर्ष |
|---|---|---|---|
| | गत वर्षको नाफा | | ( |
| | यस वर्षको नाफा | | ( |
| | नाफा वांडफांट | | ( |
| | वांकी नाफा | | ( |

## बैंक मौज्दात

अनुसुची ८

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | बैंक मौज्दात | | ( |
| | | | ( |

## शेयर लगानी हिसाव

अनुसुची ९

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | | | ( |

## कर्जा लगानी हिसाव

अनुसुची १०

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | व्यापारिक कर्जा | | ( |
| | | | ( |

| | | | |
|---|---|---|---|
| रीना नकर्मी<br>सदस्य | विकास शाक्य<br>सदस्य | सुशील राम माथेमा<br>सदस्य | गोपाल प्रसाद भण्डारी<br>कोषाध्यक्ष |
| अच्युत रत्न बज्राचार्य<br>सचिव | विनोद श्रेष्ठ<br>उपाध्यक्ष | विनोद कुमार मानन्धर<br>अध्यक्ष | आर.ए. राजेश्वर श्रेष्ठ<br>लेखापरीक्षक |

DURDRISTI Multipurpose Co-operative Ltd.

RAJESHWOR & CO. SUNDHARA NUGAH REGISTERED AUDITOR

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व.२०७७।७८

इक्विटीमा परिवर्तनको विवरण

| विवरण | शेयर | संचित नाफा घाटा | साधारण जगेडा | अन्य कोष | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| शुरू रकम | ( | ( | ( | ( | ( | |
| यस वर्ष भएको परिवर्तन<br>यस वर्ष थप | १,000,000 | (२२,६०० | ( | ( | ९७७,४०० | |
| जम्मा | १,000,000 | (२२,६०० | ( | ( | ९७७,४०० | ( |

सदस्य　　सदस्य　　सदस्य　　कोषाध्यक्ष　　सचिब　　उपाध्यक्ष　　अध्यक्ष

आर.ए. राजेश्वर श्रेष्ठ
लेखापरीक्षक

DURDRISTI Multipurpose Co-operative Ltd.

RAJESHWOR & CO. REGISTERED AUDITORS NUGAH

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व.२०७७।७८

## पाउनू पर्ने हिसाव

अनुसुची ११

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | अग्रिम घरभाडा भुक्तानी | | ३६०,०००।०० |
| | अग्रिम आयकर दाखिला | | ( |
| | जम्मा | | ३६०,०००।०० |

## सामानको मौज्दात

अनुसुची १२

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | | | |
| | जम्मा | | ( |

## धरौटी हिसाव

अनुसुची १४

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | टेलिफोन धरौटी | | ( |
| | | | ( |

## अन्य आम्दानी

अनुसुची १५

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | प्रवेश शुल्क र सदस्यता | | ७,९००।०० |
| | | | ७,९००।०० |

## कर्मचारी खर्च

अनुसुची १६

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | कर्मचारी तलब खर्च | | ( |
| | | | ( |

| | | | |
|---|---|---|---|
| रीना नकर्मी | विकास शाक्य | सुशील राम माथेमा | गोपाल राजभण्डारी |
| सदस्य | सदस्य | सदस्य | कोषाध्यक्ष |
| अच्युत रत्न बज्राचार्य | विनोद श्रेष्ठ | विनोद कुमार मानन्धर | आर.ए. राजेश्वर श्रेष्ठ |
| सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक |

DURDRISTI Multipurpose Co-operative Ltd.

RAJESHWOR & CO. REGISTERED AUDITORS

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व.२०७७।७८

**प्रशासकिय खर्च**

अनुसुची १७

| गत वर्ष रकम रू. | विवरण | अनुसुची नं. | यस वर्ष रकम रू. |
|---|---|---|---|
| | छपाई तथा मसलन्द खर्च | | १५,५००।०० |
| | लेखापरिक्षण शुल्क | | १५,०००।०० |
| | जम्मा | | ३०,५००।०० |

| | | | |
|---|---|---|---|
| रीना नकर्मी | विकास शाक्य | सुशील राम माथेमा | गोपाल राजभण्डारी |
| सदस्य | सदस्य | सदस्य | कोषाध्यक्ष |
| अच्युत रत्न बज्राचार्य | विनोद श्रेष्ठ | विनोद कुमार मानन्धर | आर.ए. राजेश्वर श्रेष्ठ |
| सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक |

DURDRISTI Multipurpose Co-operative Ltd.

SUNDHARA NUGAH REGISTERED AUDITORS